**नीति जेकेए - विद्यार्थीहरूको नियन्त्रण**

प्रयोजन

यो नीति जेकेए सम्पूर्ण डेनभर पब्लिक स्कूल कर्मचारीहरूलाई लागू हुन्छ। स्टाफहरूले प्रयोग गर्ने शारीरिक बल वा हस्तक्षेपलाई यस नीतिले नियमन गर्छ।

नियन्त्रणको कार्यान्वयन

यस नीतिको कार्यान्वयन विवेकसम्मत दक्ष मूल्याङ्कन प्रयोग गरेर, विद्यालय समुदायका सदस्यहरूको सुरक्षा, कल्याण र आत्मसम्मानप्रति आवश्यक आदर प्रदान गर्दै गरिनेछ।

परिभाषा :

राज्यको कानुन र यस नीति अन्तर्गत नियन्त्रणलाई, त्यो विधि वा यन्त्रका रूपमा परिभाषित गरिएको छ जसलाई अनैच्छिक रूपमा कुनै व्यक्तिको स्वतन्त्रता वा चाललाई सीमित गर्न प्रयोग गरिन्छ जसमा शारीरिक बल, यान्त्रिक वस्तुहरू, शारीरिक नियन्त्रण र टाइम आउट सामेल छन् तर यतिमै सीमित छैनन्।

विद्यार्थीको चाल स्वतन्त्रतालाई अनैच्छिक रूपमा सीमित पार्न प्रयोग गरिने कुनै विधि वा यन्त्र जसमा शारीरिक बल, यान्त्रिक नियन्त्रण, शारीरिक नियन्त्रण, र टाइम आउट सबै, त्यो राज्य कानुनसँग सम्मत हुनेछन् जसले व्यक्तिहरूलाई नियन्त्रणबाट जोगाउँछ। कुनै पनि पाँच मिनेट भन्दा बढीको शारीरिक हस्तक्षेप, राज्य कानुनसम्मत हुनै पर्नेछ, जसमा व्यक्तिहरूको नियन्त्रण-कानुनबाट संरक्षण र यो नीति सामेल छन्। सुपरिन्टेन्डेन्ट र शिक्षा बोर्डले प्रक्रियाहरू र यस नीति एवम् राज्य कानुनसँग सहवर्ती हुने गरी नियन्त्रण प्रयोगको तालिम कार्यक्रम विकसित गर्नेछन्।

नियन्त्रणमा निम्न कुरा सामेल छैन:

१. शारीरिक आधार प्रदान गर्ने, चोटपटकबाट बचाउने वा ऐच्छिक वा जीवन-प्रदायक चिकित्सकीय प्रक्रियाहरूका लागि संरक्षण र अनुकूलक यन्त्रहरूको प्रयोग;

२. अन्य व्यक्ति वा विद्यार्थीलाई जोगाउन विद्यार्थीलाई पाँच मिनटभन्दा कम समयका लागि समाउनु;

३. टाइम आउटको प्रयोग। टाइम आउट विद्यार्थीलाई कुनै कोठा वा कोठाको कुनै विशिष्ट भागमा एक्लै राखिने कार्य हो जसको उद्देश्य कक्षा वा अन्य विद्यालय सम्बन्धित क्रियाकलापमा पुन भाग लिनु अगाडि विद्यार्थीले अनुपयुक्त व्यवहार बारे सोच्ने अवसर पाओस् भन्ने हो।

नियन्त्रण प्रयोगको आधार :

डिस्ट्रिक्टद्वारा नियुक्त व्यक्तिहरूले, जसलाई शारीरिक नियन्त्रणको मान्यता प्राप्त विधिको प्रमाणपत्र प्राप्त छ, आफ्नो नियुक्तिको सीमाभित्र रही, युक्तिसङ्गत शारीरिक नियन्त्रण र/वा समयान्तरको प्रयोग गर्न सक्छन् जसबाट नियन्त्रित विद्यार्थीलाई र अन्यलाई शारीरिक हानीको गम्भीर, सम्भाव्य, आसन्न खतराबाट संरक्षित गर्न सकियोस्।

नियन्त्रणलाई आकस्मिक घटना हुँदा र अन्य प्रतिबन्धक विकल्पहरू असफल हुँदा र स्टाफ सदस्यले त्यस्ता विकल्पहरू त्यस परिस्थितिमा प्रभावहीन र अनुपयुक्त हुने कुराको निर्णय लिँदामात्र प्रयोग गर्नु पर्छ।

आकस्मिकता गम्भीर, सम्भाव्य र आसन्न शारीरिक खतरा हो जहाँ आफूलाई र अन्यलाई तात्कालिक हानी पुऱ्याउने क्षमता हुन्छ।

नियन्त्रणको प्रयोगको तात्पर्य आकस्मिकताको निरन्तरता र नवीकरण रोक्नु हुनेछ। नियन्त्रणलाई त्यतिनै समयका लागि मात्र प्रयोग गरिनेछ छ जति सो उद्देश्य पूरा गर्न आवश्यक हुन्छ। विद्यार्थीको चालको स्वतन्त्रता सीमित गर्नका लागि कुनै पनि हालतमा आवश्यकताभन्दा बढी शारीरिक बल प्रयोग गरिनु हुँदैन।

नियन्त्रणको प्रयोग सम्बन्धी जिम्मेवारी :

नियन्त्रण आवश्यक ठानिएका बेला उपयुक्त नियन्त्रण हस्तक्षेपका लागि मान्यताप्राप्त व्यक्तिहरूले निम्नलिखित जिम्मेवारी बहन गर्नुपर्नेछ :

१. नियन्त्रण लागू गर्न जिम्मेवारी लिएका व्यक्तिले नियन्त्रणमा लिइएको विद्यार्थीलाई कम्तिमा हरेक पन्ध्र मिनेटमा, विद्यार्थी उपयुक्त तरिकाले राखिएको, उसको रक्तप्रवाह अवरोध नभएको, स्वासनलीमा बाधा नभएको र उसका अन्य शारीरिक आवश्यकताहरू पूरा भएको निश्चित गर्नका लागि अनुगमन गर्नु पर्नेछ ।

शारीरिक नियन्त्रणमा राखिएको व्यक्तिलाई सोबाट, सुरक्षाका लागि अलग्याएको अवस्थामा बाहेक पन्ध्र (१५) मिनेट भित्रमा मुक्त गरिनेछ ।

२. कुनै पनि खालको शारीरिक नियन्त्रणले विद्यार्थीहरूको पिठ्यूँमा अधिक दबाब दिनु हुने छैन वा उनीहरूको सास फेर्ने क्षमतालाई कम वा बाधा गर्नुहुनेछैन । स्टाफ सदस्यले विद्यार्थीको स्वासप्रश्वाससित सम्झौता नगरिएको कुरा निश्चित गर्न जाँच गर्नु पर्नेछ ।

३. चिकित्सकीय हस्तक्षेप (रासायनिक नियन्त्रण) को प्रयोग फिजिसियनको आदेशबाट मात्र गर्न सकिनेछ ।

४. टाइम आउटबाट राहतका समयहरू युक्तिसङ्गत शौचालय प्रयोगका लागि प्रदान गरिनेछ ।

५. स्टाफ तालिमः नियन्त्रणको उपयुक्त प्रयोगमा तालिमप्राप्त व्यक्तिहरूले मात्र त्यसलाई कार्यान्वयन गर्नेछन् । स्टाफले नियन्त्रणको उपयुक्त प्रयोगका लागि वार्षिक सेवाकालिन तालिम प्राप्त गर्नेछन् । तालिमको आवश्यकतामा स्टाफले कुन व्यक्तिका लागि नियन्त्रण प्रयोग गर्नुपर्ने हो भन्ने कुरा सम्भव भएसम्म व्याख्या गर्नुपर्नेछ र उपयुक्त भएमा सो व्यक्तिको परिवारलाई पनि व्याख्या गर्नुपर्नेछ । तालिममा उपयुक्त दस्तावेजीकरण र सूचना प्रक्रियाहरू पनि सामेल गर्नुपर्नेछ ।

दस्तावेजीकरण र समीक्षा

यदि शारीरिक नियन्त्रण प्रयोग गरिएमा :

१. एक (१) विद्यालय दिन भित्रमा लिखित प्रतिवेदन विद्यालय प्रशासनलाई बुझाउनु पर्नेछ ।

२. विद्यालय प्रिन्सिपल वा प्रतिनिधिले मौखिक रूपमा छिटो भन्दा छिटो अभिभावकलाई सूचीत गर्नुपर्नेछ जुन नियन्त्रण प्रयोग गरेको दिनको अन्त्य भन्दा ढिलो हुनुहुनेछैन ।

३. नियन्त्रणको प्रयोग पछाडि लिखित प्रतिवेदन छत्तीस (३६) घण्टाभित्र अभिभावकहरूलाई हुलाकबाट, इमेलबाट वा फ्याक्सबाट पठाउनु पर्नेछ र सोको एक प्रति विद्यार्थीको सञ्चित अभिलेख फाइलमा राख्नुपर्नेछ ।

४. आमाबाबु वा अभिभावकको अनुरोधमा नियन्त्रण प्रयोग गरिएको घटनाको समीक्षा सञ्चालन गरिनेछ ।

*डेनभर पब्लिक स्कूलका अधिकारीहरू यस नीतिबाट मुक्त छन् किनकि उनीहरूलाई सुरक्षा अधिकारीसँग सम्बन्धित राज्यको कानुनले अझ विशिष्ट किसिमले नियमन गर्नेछ ।

स्वीकृत अप्रिल २१, १९६६<br>
परिमार्जित सेप्टेम्बर १, १९७०<br>
अभ्याससँग सदृश्य हुनका लागि परिमार्जितः अप्रिल १९९४<br>
परिमार्जित अक्टुबर १९, २०००<br>
परिमार्जित सेप्टेम्बर १५, २००५ कानुनी सन्दर्भ सि.आर.एस १८–१–७०३<br>
सि.आर.एस १८–६–४०१ (१)<br>
सि.आर.एस १९–३–१०३ (१)<br>
सि.आर.एस २२–३२–११० (२), (४) (बि) (१)<br>
सि.आर.एस २६–२०–१०२(५)<br>
* सि.आर.एस २४–७–१०३